**मेलौली नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**मेलौली, बैतडी**
**सुदूरपश्चिम प्रदेश, नेपाल**

सूचना नं. ४०

## सटर भाडामा लगाउने सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०८२/१२/०८)**

यस मेलौली नगरपालिकाको मिति २०८२/०८/१७ गतेको निर्णय र मेलौली नगरपालिकाको मल्टिस्टोरी कम्पलेक्स भाडामा दिने सम्बन्धी कार्यविधी २०८१ को दफा १६ बमोजिम नगरपालिका भवनमा रहेका भूइतलाका ७ वटा सटर भाडामा लगाउनु पर्ने भएकोले उल्लेखित सटरहरु भाडामा लिन इन्छुक व्यक्ति, फर्म, संस्था,व्यवसायीहरुले सूचना प्रकाशित भएको मितिले १५ (प्रन्ध्र) दिन भित्र अर्थात २०८२।१२।२२ गते कार्यालय समय भित्र शिलबन्दी दरभाउ पेश गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिलः**

| सि.न. | सटर संख्या | न्युनतम मासिक भाडा रकम रु. | दरभाउपत्र फारम दस्तुर (रु.) | धरौटी रकम (रु.) | कैफियत |
|---|---|---|---|---|---|
| १ | भुईं तलाको पुर्वि मोहडा भएका सटरहरु (सटर नं. १-७) | रु.४,०००।– (चार हजार रुपैया मात्र) | रु.१०००।– (एक हजार रुपैया मात्र। | रु.५,०००।–(पाचँ हजार रुपैया मात्र ।) | |

**शर्तहरू**

१.शिलबन्दी दरभाउपत्र व्यक्ति, फर्म, कम्पनी वा संघ संस्थाले खरिद गर्न सक्नेछन्।
२. नेपाली नागरिकले मात्र शिलबन्दी दरभाउपत्र पेश गर्न पाउनेछन्।
३. दरभाउपत्र स्वीकृत भएपछि ३ महिनाभित्र सम्बन्धित निकायमा व्यवसाय दर्ता गर्नुपर्नेछ, अन्यथा धरौटी जफत हुनेछ।
४. प्रत्येक सटरका लागि रु. १,००० दरभाउपत्र दस्तुर बुझाउनुपर्नेछ।
५. दरभाउपत्र फाराम खरिद गर्दा नगरपालिकाको ग.१.१ आन्तरिक राजस्व खाता न. २७१०२४७१०९४०००१२ रकम जम्मा गर्नुपर्नेछ।
६.[redacted]क सटरका लागि रु. ५,००० धरौटी रकम जम्मा गर्नुपर्नेछ ।
७ . सटर भाडामा लिने व्यवसायीले पानीको व्यवस्था आफैले गर्नुपर्नेछ र विद्युत महसुल आफैं तिर्नुपर्नेछ।
८. सटर वरपरको सरसफाइको जिम्मेवारी सटर सञ्चालकको हुनेछ।
९. नगरपालिकामा बुझाउनुपर्ने कर, दस्तुर आदि बाँकी भए दरभाउपत्र अस्वीकृत हुनेछ।
१०. दरभाउपत्र मूल्यांकन गर्ने अन्तिम अधिकार नगरपालिकाको हुनेछ।
११. स्वीकृत भएको ७ दिनभित्र सम्झौता गर्नुपर्नेछ।
१२. मासिक भाडा प्रत्येक महिनाको २५ गतेभित्र बुझाउनुपर्नेछ।
१३. ३ महिना भाडा नतिरेमा सटर खाली गराइनेछ।
१४. सम्झौता विपरीत कार्य गरेमा सम्झौता रद्द हुनेछ।
१५. शिलबन्दी दरभाउपत्रमा व्यवसायको प्रकार उल्लेख गर्नुपर्नेछ ।
१६.सामान्यतया सम्झौताको अवधि २ वर्षको हुनेछ । नगरपालिकाले आवश्यक ठानेमा सम्झौता अवधि थप गर्न सक्नेछ ।
१७.एकमुष्ट रुपमा वार्षिक भाडा प्रस्तावमा १०% छुट गर्न सकिनेछ ।
१९.नगरपालिकालाई सटर आवश्यक भएमा १५ दिनको सूचना दिई सटर खालि गराउन सक्नेछ ।
२०.प्रत्येक २ वर्षमा सटरको भाडा नगर सभाले अध्यावधिक गरे बमोजिम हुनेछ ।
**२१.अन्य व्यवस्था कम्प्लेक्स भवन कोठा,सटर,टहरा बहालमा लगाउने सम्बन्धी कार्यविधि २०८१ बमोजिम हुनेछ ।**

०८२।१२।०८
**दल बहादुर धामी**
**प्रमुख प्रशासकिय अधिकृत**

[redacted] **शर्तहरू**

तरकारी, फलफूल, माछा–मासु लगायत कृषि तथा पशुपन्छीजन्य उत्पादन, दैनिक उपभोग्य सामान, रेडिमेड कपडा, जुत्ता, विद्युतीय सामान आदि बिक्री गर्न पाइनेछ र साथै सामान्य नास्ता पसल सञ्चालन गर्न पाईनेछ। माथी उल्लेखित व्यवसाय गर्ने व्यवसायीहरुले मदिरा, नशालु पदार्थ तथा जोखिमयुक्त वस्तु बिक्री गर्न पाइने छैन।

**शिलबन्दी दरभाउ सँगै पेश गर्नुपर्ने कागजातहरू**

१.दरभाउपत्र फाराम
२.नागरिकताको प्रतिलिपि
३.व्यवसाय दर्ता प्रमाणपत्र
४.PAN/VAT दर्ता प्रमाणपत्र
५.धरौटी रकम जम्मा गरेको बैंक भौचर

थप जानकारीयस सम्बन्धी विस्तृत जानकारीका लागि मेलौली नगरपालिकाको प्रशासन तथा पूर्वाधार शाखामा सम्पर्क गर्न सकिनेछ।
वेबसाइट: https:// melaulimun.gov.np